काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २६ ❐ अंक : ३ ❐ आइतवार, ४ असोज २०८३ ❐ Sunday, 20 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा मानव–वन्यजन्तु द्वन्द्वको जोखिम, सल्यान र दैलेख बढी प्रभावित



❐ चाँदनी कठायत
सुर्खेत, ३ असोज

कर्णाली प्रदेशमा मानव-वन्यजन्तु द्वन्द्वको जोखिम कायमै रहेको देखिएको छ । वीरेन्द्रनगरमा आयोजित एक कार्यक्रममा सार्वजनिक गरिएको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर मानव-वन्यजन्तु द्वन्द्वका २ सय ६९ वटा घटना भएका छन् । वन्यजन्तुको आक्रमणबाट तीन जनाको मृत्यु भएको छ भने बँदेल, बाँदरलगायतका वन्यजन्तुले १ सय ३१ घरधुरीको अन्नबालीमा क्षति पुऱ्याएका छन् ।

डिभिजन वन कार्यालय सुर्खेतका डिभिजनल वन अधिकृत राधाकृष्ण दासका अनुसार वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति, पशुधनको नोक्सानी तथा अन्नबालीमा उल्लेखनीय क्षति पुग्ने गरेको छ । आहाराको खोजीमा बस्ती पस्ने वन्यजन्तुका कारण यस्तो समस्या देखिने गरेको उनले बताए । मानव-वन्यजन्तु द्वन्द्वका कारण जंगलनजिकका बस्तीको सुरक्षामा चुनौती थपिनुका साथै वन्यजन्तुबाट हुने क्षतिपूर्तिका लागि राज्यको व्ययभारसमेत बढ्ने गरेको छ । वन्यजन्तुका कारण अन्नबालीमा हुने क्षतिले कतिपय अवस्थामा स्थानीयस्तरमा खाद्यान्न संकटको जोखिमसमेत निम्त्याउन सक्ने देखिएको दासको भनाइ छ ।

मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्रदेश सरकारले संघीय कार्यक्रमअन्तर्गत हरेक वर्ष बजेट व्यवस्थापन गर्दै आएको छ ।

दासका अनुसार आर्थिक वर्ष २०८२/८३ मा मानव-वन्यजन्तु द्वन्द्वका २ सय ६९ घटनाबाट प्रभावित परिवार तथा व्यक्तिलाई ४९ लाख ९५ हजार ३ सय ५९ रुपैयाँ आर्थिक राहत वितरण गरिएको थियो । अन्नबालीमा क्षति पुगेका १ सय ३१ घरधुरीलाई ११ लाख ६१ हजार ९ सय ६० रुपैयाँ राहत दिइएको थियो ।

वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका तीन जनाका परिवारलाई प्रतिपरिवार १० लाखका दरले कुल ३० लाख रुपैयाँ राहत प्रदान गरिएको थियो । यस्तै, वन्यजन्तुको आक्रमणबाट घाइते तथा अंगभंग भएका नौ जना पीडितको उपचार तथा राहतका लागि ५ लाख ७८ हजार ३ सय ९९ रुपैयाँ उपलब्ध गराइएको थियो ।

चितुवा, बाघ, भालुलगायतका हिंस्रक वन्यजन्तुले बाख्रा, भेडा, गाई, भैंसी तथा याकजस्ता घरपालुवा पशु मारेपछि २३ जना पीडितलाई २ लाख ५५ हजार रुपैयाँ राहत प्रदान गरिएको थियो । प्रदेश वन निर्देशनालयका अनुसार राहत वितरण भएका जिल्लामध्ये सल्यान र दैलेख मानव-वन्यजन्तु द्वन्द्वबाट बढी प्रभावित जिल्लाका रुपमा देखिएका छन् ।

मानव-वन्यजन्तु द्वन्द्व तथा वन्यजन्तु अपराध नियन्त्रणका विषयमा राष्ट्रिय प्रकृति संरक्षण कोषले वीरेन्द्रनगरमा आयोजना गरेको 'वन्यजन्तु अपराध नियन्त्रणमा मिडियाको सक्रियता र सचेतना' कार्यक्रममा छलफल गरिएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशका मुख्य सचिव अजितकुमार कर्णले मानिसको बसाइँसराइका कारण निजी क्षेत्रसमेत वनमा परिणत हुँदै जाँदा वन्यजन्तु बस्ती नजिक आउने क्रम बढेको बताए ।

मानिसहरू बसाइँ सरेर अन्यत्र गएपछि खाली भएका निजी तथा आसपासका क्षेत्र जंगलमा परिणत हुँदै गएको र त्यस्ता क्षेत्रमा वन्यजन्तुको आवागमन बढ्दा मानव-वन्यजन्तु द्वन्द्वको अवस्था सिर्जना भएको उनको भनाइ थियो । 'मानिसहरू बसाइँ सरेर अन्यत्र गएपछि खाली भएका निजी तथा आसपासका क्षेत्र जंगलमा परिणत हुँदै गएका छन्,' उनले भने, 'त्यस्ता क्षेत्रमा वन्यजन्तुको आवागमन बढ्दा मानव-वन्यजन्तु द्वन्द्वको अवस्था सिर्जना भएको छ ।' बाँकी पृष्ठ ४

एक वर्षमा वन्यजन्तु अपराधका १० मुद्दा

मानव-वन्यजन्तु द्वन्द्वसँगै कर्णालीमा वन्यजन्तु अपराध पनि जोखिमका रुपमा रहेको तथ्यांकले देखाउँछ । कार्यक्रममा प्रस्तु तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा पाँचवटा मात्र दर्ता भएका वन्यजन्तु अपराधसम्बन्धी मुद्दा आर्थिक वर्ष २०८२/८३ मा १० पुगेका छन् । पछिल्ला दुई आर्थिक वर्षमा वन्यजन्तु अपराधका कुल मुद्दा १५ पुगेका छन् । यो अघिल्लो वर्षको तुलनामा शत प्रतिशत वृद्धि हो । कर्णाली जैविक विविधताका दृष्टिले महत्वपूर्ण प्रदेश हो । यहाँ ८९ प्रजातिका स्तनधारी वन्यजन्तु, ४ सय १० प्रजातिका चराचुरुङ्गी, १४ प्रजातिका सरिसृप तथा २५ प्रजातिका उभयचर पाइन्छन् । रारा र फोक्सुन्डोलगायत दुईवटा रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्रसमेत कर्णालीमा छन् ।

तर, यही जैविक विविधताबीच वन्यजन्तुको अवैध सिकार, अवैध पालन, आखेटोपहार (ट्रफी) संकलन तथा छाला, मासु, भालुको पित्त, नङ्गा, कस्तुरीको बिनालगायतका बहुमूल्य अंगको अवैध व्यापार र ओसारपसार हुने गरेको तथ्यांकले देखाउँछ ।

बँदेल, घोरल, चितुवा, जरायो, कस्तुरी, भालु, झ्याउ तथा रतुवाजस्ता वन्यजन्तु अपराधको मुख्य निसानामा पर्ने गरेका छन् । भौगोलिक अवस्थाका आधारमा सुर्खेत, डोल्पा र हुम्लालाई वन्यजन्तु अपराधका दृष्टिले संवेदनशील क्षेत्रका रूपमा वर्गीकरण गरिएको छ ।

सुर्खेतमा विशेषगरी जरायो र बँदेलको अवैध सिकार हुने गरेको तथा डोल्पा र हुम्लामा हिउँचितुवासम्बन्धी अपराध बढी देखिएको मन्त्रालयले जनाएको छ । हुम्लामा हिउँचितुवासँगै जंगली घोडा र कस्तुरीसमेत उच्च बाँकी पृष्ठ २

'असहमतिलाई सम्मान गर्ने र आलोचनाबाट सिक्ने संस्कारले मात्र लोकतन्त्र बलियो हुन्छ'



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३ असोज

राष्ट्रपति रामचन्द्र पौडेलले असहमतिलाई सम्मान गर्ने, आलोचनाबाट सिक्ने र राज्यलाई जनताप्रति जवाफदेही बनाउने संस्कार स्थापित गर्न सके मात्र लोकतन्त्र बलियो हुने बताएका छन् ।

संविधान दिवस (राष्ट्रिय दिवस) २०८३ का अवसरमा शनिबार राष्ट्रपति कार्यालयमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले संविधानलाई भाषणमा सीमित नराखी नागरिकको जीवनमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

'हामीले असहमतिलाई सम्मान गर्ने, आलोचनाबाट सिक्ने र राज्यलाई जनताप्रति जवाफदेही बनाउने संस्कार स्थापित गर्न सक्यौं भने मात्र लोकतन्त्र बलियो हुन्छ र संविधानले स्थापित गर्न चाहेका सङ्कल्पहरू पूरा हुन्छन्,' उनले भने, 'यसका लागि आउनुहोस्, आज हामी संविधानलाई भाषणमा होइन, नागरिकको जीवनमा उतार्ने सङ्कल्प गरौं ।'

राष्ट्रपति पौडेलले अनेकौं संघर्ष र बलिदानबाट प्राप्त संविधानको वास्तविक अर्थ त्यतिबेला स्थापित हुने बताए, जतिबेला कुनै नेपालीले न्याय, सम्मान र सुरक्षित भविष्यका लागि राज्यसँग याचना गर्नुपर्ने अवस्था अन्त्य हुनेछ ।

उनले राजनीतिक परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक रहेको बताए । शासकीय संरचनामा मात्र परिवर्तन गरेर नागरिकका अपेक्षा पूरा नहुने भन्दै उनले राज्यसत्ताको चरित्र, राजनीतिक निष्ठा र मूल्यमान्यतामा समेत परिवर्तन आवश्यक रहेको धारणा राखे ।

संविधान संशोधनका लागि ज्ञानेन्द्र शाहीले अघि सारे प्रदेश खारेजसहितका ४ प्रस्ताव

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३ असोज

राप्रपाका नेता ज्ञानेन्द्र शाहीले संविधान केवल कागजमा लेखिएको दस्तावेज मात्रै सीमित हुन नहुने बताएका छन् । संविधान कार्यान्वयनमा प्रश्न उठाउँदै जनताको जीवनमा नजोडिए कागजको खोस्टो बन्ने उनको भनाइ छ । विदेशी प्रभाव र स्वार्थबाट निर्देशित हुँदै गएको राजनीतिक व्यवस्थाले देशमा सुशासन, रोजगारी र स्थिरता दिन नसक्ने उनको बुझाइ छ । उनले संविधानमा आधारभूत परिमार्जनको लागि ४ बुँदे प्रस्ताव राखेका छन् ।

पहिलो- प्रदेश संरचना खारेज गर्ने ।

दोस्रो- नेपाललाई हिन्दू, बौद्ध, किराँतलगायत वैदिक-सनातन सभ्यताको पहिचानसहितको हिन्दू अधिराज्यका रूपमा पुनर्स्थापित गर्ने ।

तेस्रो- राष्ट्रपति पद खारेज गरी राजसंस्था पुनर्स्थापित गर्ने ।

चौथो- जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्ने ।

यी विषयमा जनताको प्रत्यक्ष सहभागिता र जनमतका आधारमा संविधान परिमार्जन गर्न सकियो भने मात्रै स्थिरता, सुशासन र जनउत्तरदायी शासनको नयाँ आधार निर्माण गर्न सकिने उनको भनाइ छ ।

भदौमा ४२ लाखभन्दा बढी ग्यास सिलिन्डर खपत

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३ असोज

भदौ महिनामा झन्डै ६० हजार मेट्रिक टन ग्यास आयात भएर खपत भएको नेपाल आयल निगमले जनाएको छ ।

निगमका अनुसार भदौ महिनामा ५९ हजार ८३३ मेट्रिक टन ग्यासको ४२ लाख १३ हजार ६६१ सिलिन्डर वितरण गरिएको हो । सामान्य अवस्थामा मासिक ३० लाख देखि ३५ लाख संख्यामा ग्यास सिलिन्डर खपत हुने गरेकोमा बजारमा ग्यासको अभाव कम गर्न ४२ लाख सिलिन्डर वितरण गरिएको हो । गत साउनमा ४० लाख ३६ हजार ३६४ सिलिन्डर बिक्री गरेको र असारमा ३१ लाख ३६ हजार ९३७ सिलिन्डर वितरण भएको निगमले जनाएको छ ।

बजारमा ग्यासको चरम अभाव भएपछि आपूर्ति व्यवस्था सहज बनाउन ग्यासको कोटा बढाएको निगमले जनाएको छ । सामान्य अवस्थामा मासिक ४५ हजार मेट्रिक टन देखि ४८ हजार मेट्रिक टन ग्यासको माग रहेकोमा बजारमा ग्यासको अभाव भएपछि आपूर्ति बढाएको निगमले जनाएको छ ।

उपत्यकामा दैनिक ४० हजार संख्यामा सिलिन्डर खपत हुने गरेकोमा मुख्य राजमार्ग खुला भएसँगै आपूर्ति व्यवस्था सहज हुँदै गएको निगमले जनाएको छ ।

बिहीबारदेखि पृथ्वी राजमार्ग खुला भई दुईतर्फी सवारी साधन सञ्चालनमा आएको छ । त्यससँगै ग्यासका बुलेट आउन थालेपछि ग्यासको अभाव क्रमशः कम हुँदै जाने निगमले जनाएको छ ।

नियमित रूपमा ग्यास आउन थालेको र उद्योगीले काठमाडौं आसपासका उद्योगबाट ग्यास रिफिलिङ्ग गरी बजारमा पठाउन थालेका आवश्यकता भन्दा बढी सिलिन्डर खरिद नगर्न निगमले उपभोक्ताले अनुरोध गरेको छ । पश्चिम एसियाली मुलकुमा भएको युद्धको कारणले आपूर्तिमा समस्या भई बजारमा ग्यास अभाव हुन थालेपछि गत फागुन २८ गतेदेखि चार महिना आधा तौलको सिलिन्डर वितरण गरेको थियो ।

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

आइतवार, ४ असोज, २०८३
Sunday, 20 Sep 2026

सम्पादकीय

कृषि निर्यात बढ्दै, आत्मनिर्भरता अझै टाढा

कर्णालीको कृषि अर्थतन्त्रमा पछिल्लो समय देखिएको एउटा तथ्य उत्साहजनक छ । प्रदेशबाट एकै वर्षमा तीन अर्ब ६४ करोड रूपैयाँभन्दा बढीका कृषि उपज बाहिरिएका छन् । खाद्यान्न, दलहन, फलफूल, अदुवा, बेसार, आलु, मह र च्याउलगायतका उत्पादनले कर्णालीको कृषि बजार विस्तार हुँदै गएको संकेत गर्छन् । तर यही तस्वीरको अर्को पाटो भने चिन्ताजनक छ । दैनिक उपभोगका दूध, मासु, माछा, अण्डा र पशुदानाजस्ता वस्तु खरिदमै झण्डै ९५ करोड रूपैयाँ प्रदेशबाहिरिएको छ ।

यसले कर्णालीको कृषि क्षेत्रको वास्तविक अवस्था प्रस्ट पार्छ । यहाँ उत्पादनको सम्भावना छ, बजार पनि विस्तार हुँदैछ, तर उत्पादन प्रणाली अझै आवश्यकताअनुसार व्यवस्थित र आत्मनिर्भर बन्न सकेको छैन । एकातिर बाहिर पठाउन सक्ने कृषि उपज उत्पादन भइरहेको छ भने अर्कोतिर आफ्नै नागरिकका आधारभूत उपभोगका वस्तु बाहिरबाट ल्याउनुपर्ने अवस्था छ। त्यसैले अब कृषि नीति केवल उत्पादन बढाउने नारामा सीमित हुनु हुँदैन । कुन वस्तुमा कर्णाली आत्मनिर्भर बन्ने र कुन उत्पादनलाई बाहिरी बजारमा पठाउने भन्ने स्पष्ट रणनीति आवश्यक छ ।

सरकारले किसानलाई ब्याज अनुदान, दुग्ध प्रोत्साहन, सिँचाइ आयोजना तथा फलफूलका बिरूवा वितरणजस्ता कार्यक्रम सञ्चालन गरेको छ । यस्ता कार्यक्रम सकारात्मक भए पनि अनुदान वितरणको संख्या र रकमभन्दा त्यसले उत्पादन, उत्पादकत्व र किसानको आम्दानीमा पारेको प्रभाव महत्वपूर्ण हुन्छ । किसानले उत्पादन गरेपछि बजार नपाउने, उचित मूल्य नपाउने र ढुवानीमै ठूलो खर्च हुने अवस्था अन्त्य गर्नुपर्छ ।

अझ गम्भीर विषय कृषि मन्त्रालयको ५७ प्रतिशत वित्तीय प्रगति हो । बजेट विनियोजन भएर पनि आधाभन्दा केही बढी मात्र खर्च हुनु कृषि विकासका लागि बजेटभन्दा कार्यान्वयन क्षमता ठूलो चुनौती भएको संकेत हो । कृषि उत्पादन बढाउने हो भने बजेट खेतसम्म, किसानसम्म र परिणामसम्म पुग्नुपर्छ ।

कर्णालीको कृषि रूपान्तरणका लागि सिँचाइ, कृषि सडक, भण्डारण, चिस्यान केन्द्र, प्रशोधन उद्योग, बीमा, सहुलियत कर्जा, प्राविधिक सेवा र बजारको सुनिश्चितता एकैसाथ आवश्यक छ। सहकारीमार्फत परिचालन भएको ठूलो पूँजीलाई पनि उत्पादन, प्रशोधन र बजारीकरणसँग जोडिनुपर्छ । कर्णालीसँग जमिन, जलवायु र जैविक विविधताको ठूलो सम्भावना छ । अब आवश्यकता सम्भावनाको चर्चा गर्ने होइन, उत्पादनलाई उद्योगसँग, किसानलाई बजारसँग र बजेटलाई परिणामसँग जोड्ने कृषि नीति कार्यान्वयन गर्ने हो । निर्यात बढेको उपलब्धिलाई आयात घटाउने अभियानसँग जोड्न सके मात्रै कर्णालीको कृषि अर्थतन्त्र आत्मनिर्भर र दिगो बन्न सक्छ ।

एक...

जोखिममा छन् ।

वन्यजन्तु अपराधमा पुरुषहरू बढी संलग्न देखिएका छन् । वन्यजन्तु अपराधमा संलग्न रहेको आरोपमा हालसम्म २८ जना पक्राउ वा आरोपित भएका छन् । तीमध्ये २१ जना पुरुष अर्थात् ७५ प्रतिशत, ६ जना महिला अर्थात् २१ प्रतिशत र एक जना नाबालक अर्थात् ४ प्रतिशत छन् । दर्ता भएका १५ मुद्दामध्ये तीनवटा अनुसन्धानको चरणमा छन् भने ११ वटा अदालतमा दायर भइसकेका छन् । हुम्लामा कस्तुरीको बिना खरिद-बिक्रीसँग सम्बन्धित एउटा मुद्दाको भने फैसला भइसकेको छ ।

वन्यजन्तु संरक्षण तथा अपराध नियन्त्रणका प्रयास भइरहे पनि आवश्यक पूर्वाधार र स्रोतसाधनको अभाव मुख्य चुनौतीका रुपमा रहेको वन अधिकृत दासले बताए । वन तथा वन्यजन्तु संरक्षणका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमातहत एक प्रदेश वन निर्देशनालय, ११ वटा डिभिजन वन कार्यालय तथा ५८ वटा सब-डिभिजन वन कार्यालयमार्फत संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

सब-डिभिजन वन कार्यालयका लागि पर्याप्त भवन नहुनु, नियमित वन गस्तीका लागि सवारीसाधनको कमी, वन्यजन्तु संरक्षण तथा अपराध नियन्त्रण कार्यक्रमका लागि पर्याप्त बजेट अभावले संरक्षणको काम चुनौतीपूर्ण रहेको उनले बताए ।

कार्यक्रममा आधुनिक प्राविधिक उपकरणको कमी तथा समस्याग्रस्त वा घाइते वन्यजन्तुको उद्धारका लागि तालिमप्राप्त जनशक्तिको अभावले संरक्षण कार्यलाई प्रभावकारी बनाउन कठिनाइ भइरहेको छ। वन्यजन्तु अपराध नियन्त्रणका लागि कानुन कार्यान्वयनसँगै स्थानीय समुदायको सहभागिता, जनचेतना अभिवृद्धि, प्रविधिको प्रयोग र अन्तरनिकाय समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता कार्यक्रममा औँल्याइएको थियो ।

ऐतिहासिक जनप्रिय मा.वि. दशेरा



✍ जगत शर्मा



कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्ला प्रदेश सभा ख छेडागाड नगरपालिका वडा नं. ३ दशेरा गाउँको पुर्वी उत्तर डाँडा स्थित सुन्दर सल्लेरी बुट्यानको विचमा अवस्थित एक पुरानो र अगुवा शैक्षिक संस्था हो ।यस शैक्षिक संस्था विद्यालय स्थापना सम्बन्धि स्थापना कालका जानकार केहि स्थानिय बुढापाखाहरुका अनुसार करिव २००१/२००२ साल तिर तत्कालीन दशेरा गाउँपञ्चायत अन्तर्गत साविक सुवानाउली गा.वि.स. ६ मेल्ने निवासी ज्योतिष श्री हृदाराम जैसीको नेतृत्वमा हाल छेडागाड नगरपालिका ३ निवासी श्री मन्दीर थापाका छोरा स्थानीय अगुवा श्री लालवीर थापाले ११ जना विद्यार्थी राखी गुरुकुल छपरा पाठशाला दशेराको लयाभिर भन्ने स्थापनमा राखि ज्योतिष विद्या शुरुवात गरेको बुझिन्छ। उक्त ज्योतिष विद्यालय संचालनको इजाजतका लागि दैलेख जिल्लाको गन्मबाट खेपो ल्याई काम गर्ने प्रबन्ध थियो भन्ने भनाई स्थानीय बुढापाकाहरुको रहेको छ। समय क्रमसँग वि.स. २०१३/०१४ साल सम्म लालविर थापा र हृदाराम जैसीले संचालन गरेको ज्योतिषी विद्यालाई पछि पुन २०१७ सालको आम निर्वाचनले २००७ सालमा प्राप्त भएको प्रजातान्त्रिक व्यवस्था कु भई पञ्चायति व्यवस्था लागु भएको अवस्थामा तत्कालीन मुखिया श्री विरछम थापाको सक्रियता र अगुवाईमा जाजरकोट जिल्ला खलंगा निवासी श्री गोरु चन्दका छोरा श्री हस्त बहादुर चन्दलाई प्र.अ. को जिम्मेवारी दिई निज मोखिया विरछम थापाको आँगनमा नै पठनपाठन संचालन गरियो । यसै गरी वि.स. २०१८ मा तत्कालीन श्री ५ सरकारको शिक्षा योजना आयोग र शिक्षा निति योजना अनुसार विद्यालय संचालन समितिको कोषध्यक्ष श्री धनबहादुर थापा र सदस्यहरु क्रमश श्री तुले बुढा , श्री परे थापा, श्री नरे बुढा, श्री देवीलाल खत्री, श्री धनबहादुर थापा, श्री नरहरी जैसी, श्री धर्मे थापा र श्री नर्ते थापा को सक्रियतामा विरछम थापाको आँगनबाट दशेरा गाउँ स्थित मैढोल्नाडाँडामा विद्यालय संचालन गरि पठन पाठन प्रक्रिया अगाडी बढाईयो। राजनैतिक व्यवस्था परिवर्तन र समाजमा शिक्षाको आवश्यकता थप महसुस हुदै गयो र वि.स. २०२३ साल तिर यस ज्योतिषी पाठशालालाई शिक्षाको संरचनागत विकास अनुरुप श्री पब्लिक प्राइमरी स्कुल दशेराको रुपमा स्वीकृत प्राप्त गरी संचालन समितिका कोषध्यक्ष श्री कल्से बुढा र श्री मानबहादुर बुढा लगायत स्थानीय अगुवाको सक्रियतामा प्र.अ. श्री हस्तबहादुर चन्द शिक्षक श्री चुडा बहादुर कार्की श्री बहादुर बस्नेतहरुलाई विद्यालय प्रसासन र शैक्षिक पठन पाठनको जिम्मेवारी र योगदान रहेको पाइन्छ।

पुन वि.स. २०२८ सालमा तत्कालीन राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ र राष्ट्रिय शिक्षा योजना आयोगकोको राष्ट्रिय निति अनुरुप पब्लिक प्राइमरी स्कुलबाट श्री विद्योदय मिडिल स्कुल दशेरा हालको बिध्यालय नजिकै स्थापना गरी संचालन गरियो र प्र.अ. श्री नरेन्द्र बहाादुर पाण्डे (भोजपुर) लाई जिम्मेवारी दिई उक्त विद्योदय मिडिल स्कुल स्थायी स्वीकृत वि.स. २०२९ सालमा प्राप्त गरी श्री ध्रुवराज केसी (खलंगा), प्र.अ. श्री गणेश खड्का (प्युठान) र श्री गजाधर वली (सल्यान) ले पठन पाठन कार्यलाई थप निरन्तरता दिनु भयो । देशमा पनि क्रमश विकास र प्रगतिको लागि राजनैतिक आन्दोलन र शैक्षिक जागरणका नयाँ नयाँ बहस हुन थाले। त्यसै क्रममा वि.स. २०३४ साल तिर विद्योदय मिडिल स्कुलबाट श्री जनप्रिय मा.वि. का रुपमा अस्थायी स्वीकृत प्राप्त गरी पुन तत्कालीन विद्यालय संचालक समिति अध्यक्ष श्री धनबहादुर थापा ज्यू लगायत साल्म सुवानाउली मजकोटका तत्कालीन पञ्च प्रतिनिधि वडावन, हाडेतोला, फाल्मा चुवाँ, जेवा, दशेराका स्थानीय अगुवाहरुको सहयोगमा अहिलेको जस्तो कुनै मेसनरि सामाग्रि नभएको ले भैसिको छालाम माटो घिसारि विद्यालय खेलमैदान विद्यालय भवन लगायतका कामहरु सम्पन्न भई वि.स. २०३५ साल फाल्गुन तिर तत्कालीन क्षेत्रिय शिक्षा निर्देशनालयबाट यस श्री जनप्रिय मा.वि. ले मा.वि. स्थायी स्वीकृत प्राप्त गरी विद्यालय प्रधानाध्यापकको रुपमा श्री भगीरथ शर्मा (वाग्लुङ्ग) प्रथम र श्री उदयबहादुर बस्नेत (दैलेख) लाई मा.वि. स्तरको प्र.अ.का रुपमा हाल पनि यस संस्थाले सम्मानगरी रहेको छ विद्यालयको व्यवस्थापकिय नेतृत्व र वि.व्य.स. अध्यक्षको रुपमा लामो सम्म रहने धनबहादुर थापा पूर्व जि. पं. उपसभापति पदम बहादुर शाही , जि.पं. सदस्य बीर बहादुर शाही डण्ड बहादुर शाही, तत्कालीन गाउन्पञ्चायत सदस्य जयबहादुर थापा भु.पु क्षेत्रिय सदस्य देव बहादुर शाहीहरुको योगदान पनि यस संस्थाका कम छैन मा.वि. संचालन र व्यवस्थापन क्रममा विद्यालय प्र.अ.हरु श्री उदयबहादुर बस्नेत पछि क्रमश श्री तुल्सीराम रेग्मी श्री पुस्करराज रजौरिया श्री स्थानेश्वर वस्याल श्री हुकुमबहादुर भण्डारी शेरबहादुर अधिकारी टेक बहादुर थाप देखि हाल जय बहादुर थापा सम्म योदान देखिन्छ। शैक्षिक भौतिक प्रशासनिक क्षेत्रमा केहि समस्याका वावजुद मुलभुतरुपमा संस्थाको विकास र प्रगति भएको पाईन्छ । विभिन्न कालखण्ड र समाज विकासको आवश्यकता सँगै वि.स.२०६४ सालमा शैक्षिक सत्र २०६४/०६५ तिर तत्कालीन वि.व्य.स. अध्यक्ष जीतबहादुर थापा र प्र.अ. श्री टेकबहादुर थापाको नेतृत्वमा नेपाल सरकार शिक्षा विभाग उच्च शिक्षा परिषद्बाट कक्षा ११ र १२ को सम्बन्धन प्राप्त गरि पुन यस क्षेत्रका विद्यार्थी तथा आम अभिभावकको उच्च शिक्षा हासिल गर्ने चाहना र आवश्यकतालाई महसुस गरी करिव ३/४ वर्षको लामो प्रक्रियागत पहल र प्रयासमा मिति २०६९ साल देखि जनज्ञानकुञ्ज क्याम्पसको दशेराको रुपमा त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी स्नातक तह हुदै हाल स्नातकोत्तर तह सम्मको पठनपाठन शुरुमा यसै विद्यालयको परिसरबाट शुरु भई हाल आफ्नै भवनमा सञ्चालन भइरहेको छ । विद्यार्थीको सर्वाङ्गिण विकासमा अतिरिक्त क्रियाकलापहरु खेलकुद लगायतका क्षेत्रमा सकारात्मक प्रतिस्पर्धाको भावना थियो । जुन अहिले पनि खड्किरहेको अवस्था छ । शिक्षामा संरचनागत परिवर्तन सँगै मुल्याङ्कन पद्धतिहरु पनि सुधार र प्रगति हुदै आए फलस्वरुप २०४८ सालमा यस श्री जनप्रिय मा.वि. दशेरामा एस.एल.सी. परीक्षा केन्द्र संचालनको निर्णय भयो जसमा पश्चिम जाजरकोटका श्री जनता मा.वि. पैंक श्री शिवपुरी मा.वि. गर्खाकोट र श्री विरेन्द्र मा.वि. जुँगापाचौर पनि सहभागी भए त्यस क्रममा यस श्री जनप्रिय मा.वि. दशेराबाट १ जना विद्यार्थी श्री गणेशबहादुर अधिकारी मात्र एस.एल.सी. परीक्षामा उर्त्तिण भएका थिए। भने एस.एल.सी. परीक्षा केन्द्रको विद्यालयमा उर्त्तिण प्रतिशत अपुग भई शैक्षिक सत्र २०४९/०५० देखि पुन एस.एल.सी. परीक्षा जिल्ला सदरमुकाम खलंगा जाजरकोट नै कायम भयो । फेरि केहि स्थानीय समाजसेवी बुद्धिजीवि र राजनैतिक प्रतिनिधिको अगुवाईमा वि.स. २०५१ म दोस्रो पटक यस श्री जनप्रिय मा.वि. दशेरा एस.एल.सी. परीक्षा केन्द्र कायम गरिएको थियो ।

त्यस क्रममा २०५२ साल देखि राजनैतिक द्धन्दमा पर्न गई दश वर्षे ससस्त्र जनयुद्धको भुमरीमा पर्न गई वि.स.२०५६ देखि २०६२ सम्म उक्त एस.एल.सी. परीक्षा केन्द्र सुरक्षाका दृष्टिकोणले जिल्ला सदर मुकाम खलंगामा नै कायम भयो र पुन नेपालमा शान्ति स्थापना पछि २०६३ देखि पुन एस.एल.सी. परीक्षा केन्द्र यस विद्यालयमा कायम गरियो भने शैक्षिक सत्र २०६४/०६५ मा कक्षा ११ र १२ को पठन पाठन संचालन भई उक्त कक्षा ११ को परीक्षा प्रथम पटक श्री जनता मा.वि. पैंकमा संचालन भई दोस्रो वर्ष कक्षा १२ परीक्षा यस संस्थामा नै संचालन भयो र हाल यो विद्यालयमा शिक्षा व्यवस्थापन र विज्ञान विषयको लागि कक्षा ११ र १२ सम्म अध्ययन अध्यापन भईरहेको र बिध्यार्थि लाइ समयमा आउने जाने स्कुल बसको ब्यवस्था भएको अवस्था छ।

नेपालमा विद्यालय शिक्षामा संरचनागत सुधार विकास सँगसगै शिक्षाको गुणस्तरण अभिवृद्धिका लागि भएका कैयन प्रयासहरुको पृष्ठभुमीलाई केलाउदा यस श्री जनप्रिय मा.वि. दशेराको संस्थागत एवम् शैक्षिक प्रगतिमा तत्कालीन सरकारले पश्चिालन गरेको रा.वि.से अभियानका अभियान्तहरु मध्य श्री कृष्ण क्षेत्री (धरान), श्री दण्डपाणी बैस्याल (चितवन) र दिपक पन्त (काठमाडौं) ले विद्यालयको शैक्षिक, भौतिक प्रगति अत्तिरिक्त समाजका स्वास्थ्य सरसफाई, पोषण युक्त खाना, तरकारी खेति र करेसाबारीको अवधारणलाई समेत व्यवहारमा लागु गर्न अभिप्रेरणा दिएको पाइन्छ । यसरी नै यस श्री जनप्रिय मा.वि दशेराको भौतिक शैक्षिक प्रशासनिक मात्र नभएर सेवा क्षेत्र वरपरका समुदाय र व्यक्तित्वहरुमा संस्कार र सभ्यताको सकारात्मक प्रभाव पार्न सफल भएका नेपालको पुर्वी जिल्ला धरान भोजपुर, वाग्लुङ्ग, प्युठान, दाङ्ग, पाल्पा, स्याङजा, काठमाण्डौं, सल्यानबाट शैक्षिक जनशक्तिको योगदान त छ नै छिमेकी जिल्ला बाँके, बर्दिया, दैलेख, सुर्खेत, जुम्ला र कालिकोटबाट पनि संस्था विकासको क्षेत्रमा महत्वपुर्ण योगदान रहेको छ । तत्कालीन स्थानीय प्रतिनिधि, जनप्रतिनिधि र वि.स. २०३४/०३५ देखि २०४०/०४२ सम्म स्थानीय शैक्षिक जनशक्तिका रुपमा उत्पादित श्री कालजंग थापा दशेरा, कृति बहादुर थापा, श्री जीतबहादुर थापा लगायत वि.व्य.स. अध्यक्षको रुपमा विभिन्न कार्यकाल सम्हाल्नु भएका श्री धनबहादुर थापा श्री मानबहादुर थापा, श्री रुपसिंह केसी लगायत पुर्व गा.वि.स. अध्यक्ष, उपाध्यक्ष पुर्व वडाअध्यक्ष ज्यूहरु वडा सचिव ज्यूहरु पुर्व माननिय (संसद) हरु संविधानसभा सदस्य र वर्तमान माननीय मन्त्री ज्यूहरु विद्यालयका पुर्व शिक्षक र वर्तमान शिक्षक वृद्धिजीविहरु र पुर्व विद्यार्थीहरुको योगदान यस विद्यालयको ऐतिहासिक पृष्ठभुमीसँग सम्बन्धित छास्थापन कालमा जाजरकोट जिल्लाको पश्चिम भाग मात्र नभई दैलेख जिल्लाको पुर्वी भागको समेत सेवाक्षेत्र रहेको यस संस्थालाइ हाल पहुच तथा दुरि भौगोलिक बिकटता लाइ प्रत्येक पालिकाका वडा मा एक माध्यामिक बिध्यालय स्थापना गरियो छ र घट्दो बिध्यार्थि अवस्थाले नया स्थापन गरियका बिध्यालय जोखिममा पर्ने सम्भावन बढि देखिन्छ।

यस बिध्यलय बाट माध्यमिक शिक्षा उर्त्तिण गरी देशभरीका विभिन्न निजामति सेवा, नेपाल प्रहरी, नेपाली सेना, राजनैतिक नेतृत्व, शैक्षिक जगतको नेतृत्व र ब्यापारिको भुमीकामा थुप्रै व्यक्तिहरु सेवारत हुनुहुन्छ भने कुनै निवृत्त समेत भई सक्नु भएको छ।

यो तपोभुमिमा प्रत्येक पाइलामा सरस्वतिको बास थियो यहा उडेको धुलो मा ज्ञान थियो तर याहा बाट शिक्षा हासिल गरि सम्मान प्राप्त शैक्षिक धरोहर ले एक पटक यो तपोभुमिलाइ कसैले नसम्झिदा यो मलिन बनेको छ मानव निर्मित पकि भवन र भौतिक समरचन ले मात्रै ले पुग्दो रहेन्छ यहा बाट चलायका कलम कहा रोकिया लम्केका पाहिलाले कता बिस्राम लिय यो सम्झना मात्रै छ ।यस देवभुमि बाट जिवन लाइ सुरुवात गरेका हरुले हात हरु एक पटक हलायम यहा हावा पबित्र हुने थियो प्रत्येक हात बाट दान गरेमा एउटा अक्षयकोष खडागरि यस सस्थालाइ जिवनत राखन मदत पुग्ने थियो र आउने पिढिलाइ एउटा जिवित इतिहास बनाउन यस सस्थाका उपजहरुले प्रथाना गरौ एक दिन अतर को बास्ना बाट टढाबसौ एक बिहान चिया छोडौ हाम्रो भविष्य बनायको माटो हो भुमि हो एक मा एक जोडौ अघिलो पढिले दिएको नासो लाइ प्रथान गरौ सम्मान गरौ र आउने पिढिलाइ हस्तनतरण गरौ ।

भारतद्वारा थप ११ टन राहत सामग्री हस्तान्तरण



काँक्रेविहार संवाददाता
काठमाडौं, ३ असोज

भारतले नेपालका बाढी प्रभावित क्षेत्रमा निरन्तर मानवीय सहायता पठाउने क्रममा शनिबार थप ११ टन राहत सामग्री पठाएको छ।

गत भदौ १० मा आएको विनाशकारी आकस्मिक बाढीपछिको राहत तथा उद्धारमा सघाउन भारतले यो सहयोग उपलब्ध गराएको हो ।

भारतीय विदेशमन्त्री एस. जयशङ्करले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'नेपाललाई औषधि, फोरेन्सिक सामग्री, पाल, हाइजिन किट, स्लिपिङ ब्याग र अन्य आवश्यक सामग्रीसहित थप ११ टन राहत पठाएको छ। भारतले नेपालको पुनर्लाभमा सहयोग जारी राख्नेछ। छिमेक पहिलो नीति।'

नेपालमा आएको भीषण बाढीपछिको अवस्थासँग जुध्न राहत सामग्री बोकेर आएको यो भारतीय वायुसेनाको नवौं विमान हो। बाढीका कारण ठुलो धनजनको क्षति हुनुका साथै १४ सयभन्दा बढी मानिसको ज्यान गएको छ भने हजारौं बेपत्ता छन्।

शुक्रबार भारतीय समकक्षी एस. जयशङ्करसँग भेटवार्ता गर्दै अर्थमन्त्री स्वर्णिम वाग्लेले रसुवामा हालै आएको बाढीपछि उद्धार तथा राहत कार्यमा भारत सरकारले पुऱ्याएको सहयोगप्रति धन्यवाद व्यक्त गरेका थिए । नयाँ दिल्लीस्थित नेपाली दूतावासले एक्समा लेखेको छ, ' अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नयाँ दिल्लीमा भारतका विदेशमन्त्री डा. एस. जयशङ्करसँग भेट गरे। मन्त्री वाग्लेले रसुवामा हालै आएको बाढीपछि उद्धार र राहत प्रयासमा भारत सरकारले गरेको सहयोगका लागि धन्यवाद दिए।'

दुवै मन्त्रीहरूले नेपाल-भारतबिचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने र विशेष गरी लगानी, ऊर्जा तथा कनेक्टिभिटीका क्षेत्रमा द्विपक्षीय सहकार्य बलियो बनाउने विषयमा छलफल गरेका छन्।

गत साता भारतले पठाएका सुरुङ उद्धार र फोरेंसिक सामग्रीसहितका राहत तथा उद्धारका सामान नेपालका विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनलाई हस्तान्तरण गरिएको थियो।

निरन्तर सहयोग

विनाशकारी बाढीपछि भारतले अगस्ट २६ देखि नौवटा विशेष उडानमार्फत राहत सामग्री, उपकरण र विशेषज्ञ टोलीको डेलिभरीलाई तीव्र बनाएको छ। भारतको यो पछिल्लो सहायता अगस्टको अन्त्यमा बाढी आएदेखि नेपाल पठाइएका मानवीय सहायताका शृर लाहरूकै एउटा भाग हो।

सेप्टेम्बर ९ मा भारतको आठौं राहत उडान ३५ टन राहत तथा उद्धार सामग्री लिएर काठमाडौं पुगेको थियो। जसमा सुरुङ उद्धार उपकरण र फोरेंसिक सामग्री समावेश थिए। भारतीय राजदूत नवीन श्रीवास्तवले ती सामग्री नेपाली अधिकारीहरूलाई हस्तान्तरण गरिएको बताए। भारतीय परराष्ट्र मन्त्रालयले यसअघि नै आठौं भारतीय वायुसेनाको विमानले राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ) को उपकरण, उद्धार सामग्री, फोरेन्सिक आपूर्ति र राहत तथा उद्धार कार्यमा खटिएका भारतीय सेनाका टोलीका लागि पुनःपूर्ति सामग्री ल्याएको जनाएको थियो।

भारतीय टोलीले रसुवाको चिलिमे सुरुङमा खोज तथा उद्धार कार्यमा नेपाली सेनालाई सहयोग गर्दै आएको छ। भारतको राहत अभियान अगस्ट २६ बाट सुरु भएको थियो, जब पहिलो विमान अस्थायी आश्रय, कम्बल, हाइजिन किट, सोलार ल्याम्प र औषधिसहित १० टन सहायता लिएर नेपाल पुगेको थियो। त्यसपछि अगस्ट २७ मा पाल, कम्बल, हाइजिन किट, सोलार ल्याम्प, डिवाटरिङ पम्प, किचेन सेट, जेनेरेटर, औषधि र खाद्य सामग्रीसहित ३७.५ टन राहत सामग्री बोकेको दोस्रो उडान आएको थियो।

त्यसपछिका खेपहरूमा विशेष खोज तथा उद्धार उपकरण र फोरेन्सिक क्षमताहरू समावेश थिए। अगस्ट ३० मा भारतले प्राविधिक उद्धार टोली र डिएनए विश्लेषणका लागि फोरेन्सिक विशेषज्ञहरूसहित ११ टन राहत सहायता पठाएको थियो।

सेप्टेम्बर २ मा एक विमानले ११ सदस्यीय उद्धार टोली, विशेष उपकरण र ५.५ टन अत्यावश्यक औषधि ल्याएको थियो। सेप्टेम्बर ४ मा थप दुईवटा सी-१३०जे विमान फोरेन्सिक किट र चिकित्सा सामग्रीसहित जम्मा २१.५ टन मानवीय सहायता लिएर काठमाडौं पुगेका थिए।

खुला प्रतिस्पर्धाबाट डिन नियुक्त गर्दै सुदूरपश्चिम विश्वविद्यालय

काँक्रेविहार संवाददाता
महेन्द्रनगर, ३ असोज

सुदूरपश्चिम विश्वविद्यालयले नौ सङ्कायका डिन नियुक्तका लागि खुला प्रतिस्पर्धामा सहभागिताका लागि आवेदन खुला गरेको छ।

कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयअन्तर्गत पदाधिकारी सिफारिस समितिले सूचना जारी गर्दै १० दिनभित्र नौ सङ्कायका लागि डिन, केन्द्रीय क्याम्पसका लागि प्रिन्सिपल तथा भाषा, साहित्य तथा संस्कृति केन्द्र र अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका लागि



निर्देशक पदका लागि आवेदन खुला गरेको छ।

विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र सङ्काय, शिक्षाशास्त्र सङ्काय, व्यवस्थापन, विज्ञान तथा प्रविधि, इञ्जिनियरिङ, कृषि विज्ञान, कानुन, स्वास्थ्य विज्ञान र प्राकृतिक स्रोत व्यवस्थापन सङ्कायको डिनका लागि आवदेन खुला गरेको सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति किशनदत्त भट्टले जानकारी दिए।

उनले कार्यविधिका उल्लेखित आवश्यक कागजातसहित योग्य र इच्छुक उम्मेदवारबाट आवेदन माग गरिएको जानकारी दिए।

धार्मिक विधिअनुसार ५३ वर्षीय रोनाल्डो हात्तीको अन्त्येष्टि



काँक्रेविहार संवाददाता
काठमाडौं, ३ असोज

चितवन राष्ट्रिय निकुञ्जको सौराहा-खोरसोर क्षेत्रमा चर्चित जंगली भाले हात्ती 'रोनाल्डो' को मृत्यु भएको छ। करिब ५३ वर्ष उमेरको रोनाल्डोको धार्मिक विधिअनुसार अन्त्येष्टि गरिएको छ।

निकुञ्ज स्रोतका अनुसार रोनाल्डो बिसहजारी पोस्ट नजिकै मृत अवस्थामा भेटिएको थियो। पोस्टमार्टमका क्रममा हात्तीको मुखमा विद्युतको तार फेला परेको निकुञ्ज स्रोतले जनाएको छ। त्यसैले, रोनाल्डोको मृत्यु विद्युतको तारमा बेरिएर भएको हुन सक्ने आशङ्का गरिएको छ। यद्यपि, मृत्युको वास्तविक कारण भने अनुसन्धानपछि मात्रै यकिन हुने जनाइएको छ।

घटनाबारे थप विवरण सार्वजनिक हुन बाँकी रहेको छ। निकुञ्जले घटनालाई गम्भीर रूपमा लिएको जनाएको छ। मृत हात्तीको तस्वीर तथा भिडियो खिच्न पत्रकारहरूलाई रोक्न निकुञ्जले सेना परिचालन गरेको थियो।

चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत तथा सूचना अधिकारी अविनाश थापा मगरका अनुसार रोनाल्डोको मृत्युको वास्तविक कारण अनुसन्धानपछि मात्रै यकिन हुनेछ।

सौराहा-खोरसोर क्षेत्रमा 'सेलिब्रेटी' हात्तीका रूपमा परिचित रोनाल्डोको खोरसोरस्थित हात्ती प्रजनन् तथा तालिम केन्द्रसँग लामो समयदेखि विशेष सम्बन्ध रहँदै आएको थियो। निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनका अनुसार केन्द्रमा जन्मिएका धेरै छावाका पिता रोनाल्डो नै हुन्।

२०८३ असारसम्म केन्द्रमा जन्मिएका ६९ वटा छावामध्ये ३८ वटा रोनाल्डोकै सन्तान रहेको विवरण छ। यही कारण रोनाल्डो हात्ती प्रजनन केन्द्रसँग विशेष रूपमा जोडिएको थियो।

विशाल शरीर, फूर्तिलो चाल र अन्य भाले हात्तीसँग भिड्न सक्ने स्वभावका कारण रोनाल्डो पर्यटक तथा स्थानीयमाझ लोकप्रिय थियो। फुटबल खेलाडी क्रिस्टियानो रोनाल्डोको नामबाट उनको नाम राखिएको बताइन्छ।

निकुञ्जका अनुसार अन्य हात्तीसँगको संघर्षका क्रममा रोनाल्डोको शरीरमा चोटपटकका चिन्हसमेत देखिएका थिए। संघर्षकै क्रममा उसले आफ्नो पुच्छरसमेत गुमाएको थियो।

रोनाल्डोको मृत्युले सौराहा-खोरसोर क्षेत्रमा लामो समयदेखि परिचित रहेको एउटा चर्चित जंगली हात्तीको अन्त्य भएको छ। हात्तीको मृत्युको कारण, घटनाको प्रकृति र विद्युत्को तारसँगको सम्बन्धबारे निकुञ्जको अनुसन्धान तथा आधिकारिक विज्ञप्तिपछि थप विवरण सार्वजनिक हुने छ।

हिमताल अध्ययनका लागि पहल

काँक्रेविहार संवाददाता
हुम्ला, ३ असोज

नेपाल र चीनको सीमाक्षेत्र अन्तर्गत चिनियाँ भूभागमा पर्ने पाँच वटा हिमतालबारे प्राविधिक टोलीद्वारा अध्ययन गराउन दुवै देशका स्थानीय अधिकारीले पहल गर्ने सहमति गरेका छन्। चीनको ताक्लाकोटमा सम्पन्न भएको सीमाक्षेत्रबारे अनौपचारिक रूपमा भएको छलफलमा दुई देशका स्थानीय अधिकारीबिच सहमति भएको हो।



छलफलमा सम्भावित हिमतालबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न चीनका हिमालमा पर्ने हिमतालको प्राविधिक सम्मिलित टोली खटाएर अध्ययन गराउनेमा दुवै देशका स्थानीय अधिकारी सहमति भएको हुम्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले बताए। उनका अनुसार त्यस विषयमा आआफ्नो देशका सङ्घीय सरकारसँग पहल गरिने छ।

रसुवाको भोटेकोशी बाढीले नेपालमा ठुलो क्षति पुऱ्याएपछि विशेष गरी चिनियाँ पक्षको पहलमा सो विषयमा छलफल गर्नका लागि ताक्लाकोटका स्थानीय अधिकारीले अनौपचारिक कार्यक्रम राखेका थिए। त्यसमा हुम्ला जिल्लाको हिल्सा, किटलगायतका क्षेत्रमा हिमतालले क्षति पुऱ्याउन सक्ने कारणबारे छलफल भएको उनले बताए। कार्यक्रममा आफ्नातर्फबाट चिनियाँ हिमालमा लेक राक्षस, लेक मानसरोवर, गोन्जुका, आवुका र सिरिमाको ताल रहेको जानकारी चिनियाँ पक्षलाई गराइएको उनले बताए। रसुवा बाढीको क्षतिपछि चिनियाँ पक्ष निकै संवेदनशील देखिएको छ। छलफलमा हुम्ला जिल्लाका तर्फबाट सीमास्तम्भको अवस्था, कृषि तथा पशुजन्य वस्तुको निर्यात, सीमापास, व्यापार मेला, हिल्साको मितेरी पुल सञ्चालन, हिल्सा-सिमकोट सडक निर्माण, संस्थागत सम्पर्कको माध्यम सीमाक्षेत्रमा बस्दै आएका सुरक्षाकर्मी र स्थानीयको ताक्लाकोटमा उपचारको व्यवस्था र अर्को वर्ष ताक्लाकोटका स्थानीय अधिकारीलाई हुम्लामा निमन्त्रणा गर्ने जस्ता विषयमा प्रस्ताव राखेको प्रजिअ गुरागाईंले बताए।

नेपालले राखेको विषयमा चिनियाँ पक्षले स्थानीयस्तरमा गर्न सकिने कुरा तत्काल गर्ने र केन्द्रबाट गर्नुपर्ने कुरा माथिल्लो निकायमा राख्न प्रतिबद्धता जनाएको उनले बताए। त्यसै गरी नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामाले छलफलमा उठेका विषयको दस्ताबेज सङ्घीय र सरकारलाई पेस गरिने जानकारी दिए। ३० किलोमिटर क्षेत्रमा व्यापार व्यवसाय सहज रूपमा गर्न पाउनुपर्ने विषयमा चिनियाँ पक्षलाई जानकारी गराएको जनाए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

संविधान दिवसमा बुलबुले परिसरमा वृक्षरोपण



काँक्रेविहार संवाददाता
सुर्खेत, ३ असोज

संविधान दिवसको अवसरमा वीरेन्द्रनगरस्थित पर्यटकीय स्थल बुलबुले पार्क परिसर तथा आसपासका क्षेत्रमा विभिन्न प्रजातिका बिरुवा रोपिएको छ।

वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा स्वच्छ समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले आयोजित वृक्षरोपण कार्यक्रममा कर्णाली प्रदेश प्रमुख विवेक भट्टसहित प्रदेश कार्यालयका कर्मचारी, विभिन्न शाखाका प्रमुख तथा कर्मचारी, संस्थाका सदस्य, स्थानीय जनप्रतिनिधि तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश प्रमुख भट्टले संविधान दिवस अधिकारको उत्सव मात्र नभई नागरिकका कर्तव्य र जिम्मेवारी स्मरण गर्ने महत्वपूर्ण अवसर भएको बताए। वातावरण संरक्षण सबै नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै उनले वृक्षरोपणलाई एकदिने कार्यक्रमका रूपमा मात्र नभई निरन्तर सामाजिक अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा सहभागी स्थानीय जनप्रतिनिधिले सार्वजनिक स्थलमा गरिएको वृक्षरोपणले वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि सकारात्मक सन्देश दिएको बताए। उनीहरूले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिए।

वृक्षरोपणपछि सहभागीहरूले रोपिएका बिरुवाको संरक्षण तथा नियमित हेरचाह गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रमको समापनमा सहभागीहरूले एक-आपसमा संविधान दिवसको शुभकामनासमेत आदानप्रदान गरेका थिए।

कर्णालीमा...

उनले वनप्रतिको मानिसको निर्भरता कम हुँदै गएका कारण पनि मानव-वन्यजन्तु द्वन्द्व भने बढिरहेको बताए। वन्यजन्तुको बसाइँसराइका कारण नयाँ क्षेत्रमा समेत वन्यजन्तु पुग्ने गरेको उल्लेख गर्दै उनले वन्यजन्तु र मानिसबीचको दूरी व्यवस्थापनमा तीनै तहको सरकारले ध्यान दिनुपर्ने बताए। 'जंगली जनावर र पशुधनबीचको द्वन्द्व, वन्यजन्तुबाट हुने क्षति तथा स्थानीय बासिन्दाले भोग्ने समस्यालाई सम्बोधन गर्नुपर्छ', कर्णले भने। वन्यजन्तुबाट क्षति भएमा राहत तथा उद्धारको व्यवस्था प्रभावकारी बनाउनुपर्ने भन्दै उनले वन्यजन्तु संरक्षणसँगै स्थानीय समुदायको सुरक्षालाई पनि ध्यान दिनुपर्ने बताए। संरक्षणका गतिविधिमा स्थानीय तह र समुदायको सहभागिता आवश्यक रहेको उनको भनाइ थियो। बाँके राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले वन्यजन्तु संरक्षणसँगै मानव-वन्यजन्तु द्वन्द्व नियन्त्रण गर्न सके त्यसलाई पर्यटनसँग जोडेर आर्थिक उन्नति हासिल गर्न सकिने बताए वन्यजन्तु संरक्षणलाई केवल संरक्षणको विषयका रुपमा मात्रै नहेरी पर्यटन र स्थानीय आर्थिक गतिविधिसँग जोड्नुपर्ने उनको भनाइ थियो। 'निकुञ्जले मात्रै गरेर हुँदैन। तीनै तहका सरकारले समन्वय गरेर सचेतना अभियानलाई निरन्तर तीव्र रूपमा सञ्चालन गर्नुपर्छ', कँडेलले भने।

स्थानीय समुदायलाई वन्यजन्तु संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका विषयमा निरन्तर सचेत गराउनुपर्ने भन्दै उनले संरक्षणमा समुदायको सहभागिता आवश्यक रहेको बताए। वन्यजन्तु संरक्षण, द्वन्द्व नियन्त्रण र पर्यटन प्रवर्द्धनलाई सँगसँगै अघि बढाउन सके स्थानीयस्तरमा आर्थिक लाभ लिन सकिने उनको भनाइ थियो।

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

एनपीएलको खेल तालिका सार्वजनिक

काँक्रेविहार संवाददाता
काठमाडौं, ३ असोज

नेपाल प्रिमियर लिग (एनपीएल) को खेल तालिका सार्वजनिक भएको छ। नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार तेस्रो संस्करणको एनपीएलको खेल तालिका सार्वजनिक गरेको हो। तालिकाअनुसार पहिलो खेलमा आगामी कात्तिक ९ गते सावित विजेता लुम्बिनी लायन्स र सावित उपविजेता सुदूरपश्चिम रोयल्स खेल्नेछन् कात्तिक २९ गतेसम्म लिग चरणका खेलहरु हुनेछ।



मंसिर एक गते पहिलो क्वालिफायर खेल हुनेछ भने २ गते इलिमिनेटर हुनेछ। तालिका अनुसार ३ गते दोस्रो क्वालिफायर र मंसिर ५ गते फाइनल हुनेछ। सबै खेलहरु कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना हुने क्यानले जनाएको छ।

राहदानी हराएको सूचना !

मिति २०८२/१२/१० गते मूलपानीदेखि एरिचोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी पासपोर्ट हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनहुन अनुरोध गर्दछु।

तपसिल:

नाम: भूपेन्द्रबहादुर शाही राहदानी पासपोर्ट नम्बर .: १२०७७२६७
ठेगाना: चामुण्डा विन्द्रासैनी नगरपालिका,३- हाडाकोट दैलेख
फोन नं.: ९८४३५१९४२७





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)